बैठक संख्या-८

आज मिति २०८१ साल मंसिर ०६ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री छविलाल न्यौपाने | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री रितेश तामाङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुर्जे तामाङ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री यादव ठकुरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तेज बहादुर पराजुली | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री गृबिन्द्र कुमार चौलागाई | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री सुर्य बहादुर तामाङ | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | बालकृष्ण दाहाल | लेखा अधिकृत आठौं | |
| २ | शल बहादुर पाण्डे | शिक्षा अधिकृत आठौं | |
| | | | |

मिति २०८१/०८/०६ को बलेफी गाउँकार्यपालिका बैठक　　　　　　　　　　बैठक संख्या-८

**प्रस्तावहरु :**

१. विपद व्यवस्थापन कोषको रकम परिचालन सम्बन्धमा ।

२. प्रधानमन्त्री रोजगार बजेट रकम बाँडफाँड सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१. बलेफी गाउँपालिका भित्र भएको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोष, बलेफी गा.पा. मा संघीय सरकारबाट प्राप्त रु. ५०,००,०००/- (अक्षरुपी पचास लाख मात्र) र प्रदेश सरकारबाट प्राप्त रु. १०,००,०००/- (अक्षरुपी दश लाख मात्र) राष्ट्रिय परिषद्को चौधौं बैठकको निर्णय अनुसार खर्च गर्ने गरी तपसिल बमोजिमको शीर्षकमा बजेटको बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.सं. | शीर्षकको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | अर्चले पहिरो नियन्त्रण | २०,००,०००/- | |
| २ | खानेपानी तथा सिंचाई पाइप खरिद | १०,००,०००/- | |
| ३ | पालिकामा संकलन भएका विपद् सम्बन्धी निवेदनहरुका लागि आवश्यक खर्च | ६,००,०००/- | |
| ४ | ८ वटै वडामा ३ लाखको दरले विपद व्यवस्थापन खर्च | २४,००,०००/- | |

२. **प्रधानमन्त्री रोजगार कार्यक्रम** (नेपाल सरकार), **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (युवारुप) र गाउँपालिकाको लागत साझेदारी कार्यक्रम** अन्तरगत तपसिल अनुसारको वडाहरुमा निम्नानुसारका आयोजनाहरु संचालन गर्न देहायबमोजिम बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | वडागत रुपमा प्राथमिकतामा परेका रोजगार संख्या | आ.ब २०८१-८२ का लागि निर्धारण गरिएको न्यूनतम पारिश्रमिक दर ( स्थानीय तहले निर्धारण गरेको अदक्ष कामदारको ( ८९५) को असी प्रतिशत हुन आउने दररेट) | प्रदान गर्नुपर्ने रोजगारी दिन, | बजेट रकम | गाउँपालिकाको लागत साझेदारी बजेट |
|---|---|---|---|---|---|---|
| **वडा नं. १, जलविरे (नेपाल सरकार)** | | **7** | **716** | **100** | 501200 | 450000 |
| | जलविरे बनकाली गोरेटो बाटो मर्मत सम्भार आयोजना | | | | **0** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **वडा नं. २, फूल्पिङकोट (नेपाल सरकार)** | | **8** | **716** | **100** | 572800 | 450000 |
| | गाडापानी थापागाउँ गोरेटोबाटो मर्मत सम्भार आयोजना | | | | **0** | |
| **वडा नं. ३, फूल्पिङकोट (नेपाल सरकार)** | | **6** | **716** | **100** | 429600 | 450000 |
| | वडा नं. ३ गोरेटोबाटो मर्मत सम्भार आयोजना | | | | **0** | |
| **वडा नं. ४, फूल्पिङडांडा (युवारुप)** | | **11** | **716** | **100** | 787600 | 450000 |
| | लप्से डाँडागाउँ करङगैरा गोरेटोबाटो मर्मत सम्भार आयोजना | | | | **0** | |
| **वडा नं. ५, फूल्पिङडांडा (युवारुप)** | | **9** | **716** | **100** | 644400 | 450000 |
| | भन्ज्याङ थुम्का गोरेटोबाटो मर्मत सम्भार आयोजना | | | | **0** | |
| **वडा नं. ६, मांखा (युवारुप)** | | **10** | **716** | **100** | 716000 | 450000 |
| | तेर्सोटोल बेत्रावती पधेँरोटोल दोर्जे गोरेटोबाटो मर्मत सम्भार आंयोजना | | | | **0** | |
| **वडा नं. ७, मांखा (नेपाल सरकार)** | | **9** | **716** | **100** | 572800 | 450000 |
| | डाँडाटोल कामीटार गोरेटोबाटो मर्मत सम्भार आयोजना | | | | **0** | |
| **वडा नं. ८, मांखा (नेपाल सरकार)** | | **6** | **716** | **100** | 501200 | 450000 |
| | कर्कले खोला सालबिसौना गोरेटोबाटो मर्मत सम्भार आयोजना | | | | **0** | |
| **जम्मा बजेट** | | **66** | **716** | **100** | **4725600** | **3600000** |

३. सिन्धुपाल्चोकको इतिहास नामक पुस्तक छपाई तथा प्रकाशन र कम्प्युटर टाईपिङ तथा प्रुफ रिडिङ खर्च वापतको रकम एकमुष्ट रु. १,००,०००/- (अक्षरुपी एक लाख मात्र) चन्द्र युग प्रकाशन (चन्द्र प्रसाद न्यौपाने) लाई अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

४. नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाको दफा १५ (५) अनुसार देहायको स्थानीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

बलेफी गाउँपालिकाको प्रमुख/अध्यक्ष - संयोजक
बलेफी गाउँपालिकाको वातावरण समितिको अध्यक्ष - सदस्य
बलेफी गाउँपालिकाको प्राविधिक ईन्जिनियर/सब-ईन्जिनियर - सदस्य
सम्बन्धित सब डिभिजन वन कार्यालयको प्रतिनिधि - सदस्य

सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य
सम्बन्धित प्रहरी कार्यालयको प्रमुख - सदस्य
बलेफी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

५. चालु आ.ब. २०८१/८२ मा बलेफी गा. पा. वडा नं ६ बाट विद्यालयहरुका लागि आवश्यक स्टेशनरी, पुस्तक, शैक्षिक सामाग्री निर्माण तथा खरिद शीर्षकमा विनियोजन भएको रकमबाट बिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

६. यो बलेफी गाउँपालिकाको कार्यापालिकाको निर्णय बमोजिम तयार पारिएको मापदण्ड अनुसार विज्ञ समूहले तयार पारिएको विद्यालय समायोजन एकिकरण तथा दरबन्दी मिलान सम्बन्धी प्राप्त भएको प्रतिवेदनलाई मूख्य आधार मानि सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन गरी शैक्षिक सत्र २०८१ बाट क्रमशः आधारभूत तह सञ्चालन भएको विद्यालयहरुको कक्षा घटाउने र दरबन्दी मिलान गर्दै जाने निर्णय गरियो ।

७. बलेफी गाउँपालिका वडा नं ३ को कार्यालय भवनको झ्यालमा ग्रिल राख्ने र भर्याङमा रेलिङ जडान गर्नको लागि १,०८,०००/- विविध शीर्षकबाट खर्च गर्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

८. यस बलेफी गाउँपालिकाको उपाध्यक्ष श्री सरु लामा तामाङ कोरिया एकेडेमिक सोसाईटी अफ डिजिटल कन्भर्जेन्स (KASDC) को तर्फबाट २०२४ डिसेम्बर २७ देखि डिसेम्बर ३१ सम्म दक्षिण कोरिया, सियोलमा "Empowering Future Cities: Smart Solutions for Sustainable Development" शीर्षकमा हुन गइरहेको आगामी दोस्रो सशक्तिकरण फ्युचर सिटिज कार्यशालामा भाग लिन आधिकारिक निमन्त्रणा प्राप्त भएकोले उक्त कार्याशालामा सहभागी हुन यस गाउँपालिकाले गर्नुपर्ने आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९. बलेफी गाउँपालिकाको नयाँ प्रशासनिक भवन निर्माणको उद्घाटन समारोहमा प्रमुख अतिथिको रुपमा नेपाल सरकारको पूर्व प्रधानमन्त्री श्री पुष्प कमल दाहाल 'प्रचण्ड' र विशेष अतिथिहरुको रुपमा पूर्व सभामुख श्री अग्नी प्रसाद सापकोटा र नेपाल सरकारको पूर्व मन्त्री श्री मोहन बहादुर बस्नेतलाई निमन्त्रणा गर्ने निर्णय गरियो ।